त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

मितिः २०७५।०५।१२

# बि.ई./बि.आर्क. तहमा भर्नाका लागि प्रथम सूची प्रकाशन गरिएको ।

इन्जिनियरिङ्ग अध्ययन संस्थान प्रवेश परीक्षा बोर्डद्वारा २०७५ सालमा संचालित वि.ई./वि.आर्क. तहको प्रवेश परीक्षामा उत्तीर्ण भई यस क्याम्पसमा भर्नाको लागि आवेदन दिने आवेदकहरु मध्येबाट प्रवेश परीक्षाको योग्यताक्रमको आधारमा भर्नाको लागि प्रथम सूची प्रकाशन गरिएको छ ।

भर्ना सूची प्रकाशित गर्दा सकेसम्म त्रुटी नहोस् भनी हरसम्भव प्रयास गरिएको छ । कारणवस त्रुटी हुन गएको पाईएमा दावी विरोध गर्न सकिनेछ । पूर्व प्रकाशित भर्ना कार्यक्रम अनुसार दावी विरोधका लागि मिति २०७५ भाद्र १३ गते विहान १०:०० बजेदेखि अपरान्ह २:०० बजेसम्म लिखित रुपमा सूचना प्रविधि केन्द्रमा निवेदन दिनुपर्नेछ । सूची प्रकाशनमा कुनै त्रुटि भएको पाइएमा सोहि दिन साँझ ५:०० बजे संशोधित सूची प्रकाशन गरिनेछ ।

आर्किटेक्चर कार्यक्रममा भर्नाका लागि आवेदन फाराम भरेका आवेदकहरु मध्ये यस क्याम्पस, थापाथली क्याम्पस र पूर्वाञ्चल क्याम्पसमा सञ्चालित झुकाव परीक्षामा उत्तीर्ण भएका आवेदकहरु मात्र सो कार्यक्रमको भर्ना सूचिमा योग्य हुनेभएकोले सोहि अनुसार सूची प्रकाशन गरिएको जानकारी गराइन्छ ।

कार्यक्रम अनुसारको भर्ना तालिका

| कार्यक्रम | भर्ना हुने मिति | समय |
|---|---|---|
| **पूर्णशुल्किय तर्फ सम्पूर्ण कार्यक्रमहरुः**<br>सिभिल, इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स, कम्प्यूटर, मेकानिकल, आर्किटेक्चर र एरोस्पेस | २०७५ भाद्र १४ र १५ गते | विहान १०:०० बजेदेखि ३:०० बजेसम्म |
| **नियमित तर्फ सम्पूर्ण कार्यक्रमहरुः**<br>सिभिल, इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स, कम्प्यूटर, मेकानिकल, आर्किटेक्चर र एरोस्पेस | २०७५ भाद्र १६ र १७ गते | |
| उल्लेखित मितिहरुमा भर्ना हुन नसकेका बाँकि सबै उमेद्वारहरु | २०७५ भाद्र १८ गते | |

**द्रष्ट्रब्यः**

- प्रथम भर्ना सूचीमा नाम प्रकाशन भएका आवेदकहरुले भर्ना नगरी स्थान रिक्त रहन गएमा मात्र दोश्रो सूची मिति २०७५ भाद्र २० गते प्रकाशन गरिनेछ ।
- भर्ना सूचीमा नाम प्रकाशन भई तोकिएको समयमा भर्ना नहुने आवेदकहरुको नाम आवेदकका सूचीबाट हटाइने छ र पछि प्रकाशन हुने सूचिहरुमा समावेश गरिने छैन ।
- तल्लो प्राथमिकताका कार्यक्रममा नाम प्रकाशित भई भर्ना भइसकेका आवेदकहरुको योग्यताक्रमले भ्याएमा पछिल्लो सूचीहरुमा माथिल्लो प्राथमिकता तोकेको कार्यक्रमहरुमा नाम प्रकाशित गरिनेछ । पूर्णशुल्किय कार्यक्रम अन्तर्गतको भर्नाको लागि पनि यही नियम लागू हुनेछ । अर्थात कुनै नियमित कार्यक्रममा भर्ना भएका आवेदकहरुको नाम माथिल्लो प्राथमिकता दिएको कारण पछि पूर्णशुल्किय कार्यक्रममा निस्केमा निज पूर्णशुल्किय कार्यक्रममा अनिवार्य भर्ना हुनु पर्नेछ र नभएमा निजको भर्ना खारेज गरिनेछ । तर भर्ना सूचीमा नाम प्रकाशन भई भर्ना भईसकेका कुनै विद्यार्थीले अब उप्रान्त माथिल्लो प्राथमिकतामा नसर्ने भनी लिखित निवेदन दिएमा मात्र त्यस्ता आवेदक भर्ना भएकै कार्यक्रममा रहन सक्नेछन् ।

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

**भर्ना हुन आउँदा लिई आउनुपर्ने रकम र कागजातहरुः**

भर्ना हुन आउँदा अनिवार्य रुपमा निम्नानुसारका आवश्यक कागजातहरु तथा भर्ना शुल्क लिई आउनुपर्ने छ ।

- क्याम्पसमा भर्नाका लागि २०७५।०५।०४ गते प्रकाशित भर्ना सम्बन्धी सूचनाको बूँदा नं ७ मा उल्लेख भएको निम्नानुसारको रकम ।
  - नियमितः ९,०७४।-
  - पुर्णशुल्कियः ७६,४४८।-
  - एरोस्पेस नियमित : १८,०७४। -
  - एरोस्पेस पुर्णशुल्किय : १,६१,७४४। -
  - विदेशीः २,२४,८२०।-
- हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति ।
- नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि १ प्रति ।
- Online Form भर्दा प्राप्त Confirmation Page
- एस.एल.सी. (SLC) वा सो सरहको परीक्षाको लब्धांक पत्र र चारित्रिक प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि १/१ प्रति ।
- त्रि.वि. वा त्यसबाट मान्यताप्राप्त तह/ उच्च माध्यमिक तह (+२)/ए लेभलमा भौतिक शास्त्र, रसायन शास्त्र तथा गणित विषय लिई भौतिक विज्ञान समूह वा दुवै पत्र गणित लिई जीव विज्ञान समूह वा इन्जिनियरिङ्ग डिप्लोमा तह वा सो सरहको परीक्षामा कूल पूर्णाङ्कको कम्तिमा ४५ प्रतिशत अंकमा Letter Grading भएमा सवै विषयमा C Grade (वा ४५ प्रतिशत) प्राप्त गरी उत्तीर्ण गरेको लब्धाङ्कपत्र, शैक्षिक प्रमाणपत्र, चारित्रिक प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि १/१ प्रति ।
- त्रि. वि. वाहेक अन्य परीक्षा बोर्ड बाट १०+२ तह वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेहरुले सम्वन्धित बोर्डको माइग्रेसन सर्टिफिकेटको सक्कल र प्रमाणित प्रतिलिपि १ प्रति ।
- विदेशी आवेदकहरुका लागि राहदानी वा सम्बन्धित देशको राजदुतावासबाट प्रमाणित गरेको पत्रको सक्कल र प्रमाणित प्रतिलिपि १ प्रति ।
- विपन्न समुदाय तथा व्यक्तिको लागि आरक्षण कोटामा भर्ना हुन आउने आवेदकहरुको हकमा निम्नानुसारका थप कागजातहरु समेत संलग्न गर्नु पर्ने छ ।
  - कक्षा ८ को लब्धाङ्कपत्र ।
  - आवेदकले कक्षा ८ र SLC उत्तीर्ण गरेको विद्यालय सरकारी/सामुदायिक भएको वा सरकारी छात्रवृत्तिमा पढेको भनि जिल्ला शिक्षा कार्यालय वा शिक्षा मन्त्रालयको पत्रको सक्कल र प्रमाणित प्रतिलिपि १ प्रति ।
  - कक्षा ११ र १२ को छुट्टा छुट्टै लब्धाङ्कपत्रको सक्कल र प्रमाणित प्रतिलिपि १/१ प्रति ।
  - आवेदकले ११ र १२ उत्तीर्ण गरेको विद्यालय सरकारी/सामुदायिक भएको वा सरकारी छात्रवृत्तिमा पढेको भनि जिल्ला शिक्षा कार्यालय वा शिक्षा मन्त्रालयको पत्रको सक्कल र प्रमाणित प्रतिलिपि १ प्रति ।
  - सम्बन्धित समुदायको हो भनि प्रमाणित गरिएको सम्बन्धित आयोग/निकायको प्रमाण पत्रको सक्कल र प्रमाणित प्रतिलिपि १ प्रति ।
  - सम्बन्धित गाउँ पालिका वा नगर पालिकाबाट अनिवार्य रुपमा विपन्नताको आधार खुलाइएका सिफारिस पत्रको सक्कल र प्रमाणित प्रतिलिपि १ प्रति ।

भर्ना सम्बन्धी सूचना तथा प्रथम भर्ना सूची पुल्चोक क्याम्पसको Web Site: www.pcampus.edu.np मा पनि हेर्न सकिनेछ ।

अध्यक्ष
भर्ना समिति २०७५